नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२
च. नं. :- 9622

मितिः २०८१/१२/३१

श्री दिपेन्द्र प्रसाद जैसी
फोन नं. : ९८५१२४०६३३
ईमेल : dipendrasharma30@yahoo.com

विषयः विवरण पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँबाट श्री बेतन कर्णाली संचयकर्ता हाइड्रोपावर क.लि.बाट प्रवर्द्धन भइरहेको बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनाको सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ बमोजिम निजी अध्ययनको लागि माग भएको विवरणको सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ बमोजिम सार्वजनिक महत्वको सुचना पाउने अधिकार भएकोमा सार्वजनिक महत्वको तपशिल बमोजिमको विवरण उपलब्ध गराइएको र अन्य माग भएका विषयहरु सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ३ को खण्ड (ग) र (ङ) बमोजिम प्रदान गर्न नसकिने व्यहोरा यस विभागको मिति २०८१/१२/३१ गतेको निर्णयानुसार अनुरोध छ।

१. बुँदा नं. १ मा माग भएबमोजिमको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त साथ पेश भएको अनुसूची-१ बमोजिमको टोपो नक्साको प्रतिलिपि संलग्न छ।
२. बुँदा नं. २ को क्षमता संशोधनको सन्दर्भमा प्रस्तुत आयोजनाको बाँधको भोगौलिक अवस्थिति, सुरुङ्गको alignment , तथा कर्णाली चिसापानी आयोजनाको Full Supply Level को असर एवम आयोजनाको लागतको कारणले गर्दा प्रर्वद्धकबाट आयोजनाको हेड घटाई जडित क्षमता घटाउन अनुरोध गरिएकोमा सोही बमोजिम जडित क्षमता घटाउने कारबाही भएको र क्षमता संशोधन सम्बन्धमा यस विभागबाट जारी भएको पत्रको प्रतिलिपि एवम आयोजनाको पछिल्लो लेआवटको प्रतिलिपि समेत संलग्न छ।
३. बुँदा नं. ३ मा माग भएका विवरणकों सन्दर्भमा हाल प्रस्तुत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धी फाइल श्री ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयमा पेश भएको हुँदा माग भएको विवरण अहिले उपलब्ध गराउन नसकिने जानकारी गराइन्छ।
४. बुँदा नं. ४ मा माग भएको विवरण सन्दर्भमा माथिल्लो कर्णाली जलविद्युत आयोजनासँग दोहोरो पर्ने गरी क्षेत्र संशोधन नभएको जानकारी गराइन्छ।
५. बुँदा नं. ५ मा माग भएका विवरण सन्दर्भमा माग भएको विवरण स्पष्ट नभएको र हाल प्रस्तुत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र सम्बन्धी फाइल श्री ऊर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयमा पेश भएको हुँदा माग भएको विवरण अहिले उपलब्ध गराउन नसकिने जानकारी गराइन्छ।
६. बुँदा नं. ६ मा माग भएको विवरणको सन्दर्भमा उक्त विवरण सर्वेक्षण अनुमतिपत्रको फाइलमा उपलब्ध नभएको हुँदा थप जानकारी प्रदान गर्न नसकिने।

(वीरेन्द्र पंडित)
इन्जिनियर